प.सं. २०८०।०८१।वि.एस.।३३ मिति : २०८०।०७।२२

श्री नेपाल स्टक एक्सचेन्ज लिमिटेड
सिंहदरवारप्लाजा, काठमाण्डौं ।

विषय: १९ औं वार्षिक साधारणसभाको निर्णय विवरण (माइन्युट) सम्बन्धमा ।

महोदय,

यस बैंकको २०८० कार्तिक २ (अक्टोबर १९, २०२३) गते बिहीबारका दिन कुण्डलिनी दरबार ब्यांकेट, चण्डोल, काठमाडौंमा सम्पन्न १९ औं वार्षिक साधारणसभाको निर्णय (माइन्युट) यसै साथ पेश गरिएको व्यहोरा सादर अनुरोध गर्दछौ ।

भवदीय

रूद्रप्रसाद बन्जरा
कम्पनी सचिव

सानिमा बैंक लिमिटेड
अलकापुरी, नक्साल, काठमाडौं

**सानिमा बैंक लिमिटेड**
**नक्साल, काठमाण्डौ**

**१. सानिमा बैंक लिमिटेडको १९औं वार्षिक साधारण सभाको निर्णय :**

यस बैंकको संचालक समितिका अध्यक्ष श्री तुकप्रसाद पौडेलको अध्यक्षतामा बि.सं.२०८० साल कार्तिक २ गते (अक्टोबर १९, २०२३) बिहीबार बिहान ११:०० बजे देखि अपरान्ह २:०० बजेसम्म कुण्डलिनी ब्यांकेट, चण्डोल, काठमाडौंमा सम्पन्न भएको १९औं वार्षिक साधारणसभाको निर्णयहरु तथा अन्य कामकारवाही समेतको निर्णय पुस्तिका (माइन्यूट) देहाय वमोजिम रहेको छ ।

२. उपस्थिति :

**क. सभामा उपस्थित सञ्चालकहरु :**

१. श्री तुकप्रसाद पौडेल - अध्यक्ष
२. श्रीमती गायत्री थापा - संचालक
३. डा.केशवप्रसाद आचार्य - संचालक
४. श्री रमेश कुमार पोखरेल - संचालक
५. श्री आशुतोष उपाध्याय - संचालक
६. श्री बलराम पराजुली - संचालक

**ख. अन्य पदाधिकारीहरु :**

१. श्री निश्चलराज पाण्डे - प्रमूख कार्यकारी अधिकृत
२. श्री विभोर झा - प्रमूख वित्त तथा ट्रेजरी
३. श्री भिष्मराज चालिसे - प्रमुख कार्यकारी अधिकृत, सानिमा क्यापिटल लिमिटेड
५. श्री रूद्रप्रसाद बन्जरा - कम्पनी सचिव

**ग. सम्बन्धित निकायका प्रतिनिधिहरुको उपस्थिति :**

१. श्री एलिन कार्की - पि.के.एफ. टि.आर. उपाध्या एण्ड कं., चार्टर्ड एकाउण्टेण्ट्स,

**३. छलफलका विषयहरु :**

**क. सामान्य प्रस्ताव :**

१. आर्थिक वर्ष २०७९/०८० को संचालक समितिको १९ औं वार्षिक प्रतिवेदन छलफल गरी पारित गर्ने ।
२. लेखापरीक्षकको प्रतिवेदन सहितको २०८० साल आषाढ मसान्तको वित्तीय अवस्थाको विवरण तथा आ.व.२०७९/०८० को नाफा-नोक्सान विवरण तथा नगद प्रवाह विवरण लगायतका वार्षिक वित्तीय विवरण छलफल गरी पारित गर्ने ।
३. यस बैंकको सहायक कम्पनीहरु सानिमा क्यापिटल लिमिटेड र सानिमा सेक्युरीटज लिमिटेडको आ.व.२०७९/०८० को वित्तीय विवरण सहितको एकीकृत (Consolidated) वित्तीय विवरण छलफल गरी पारित गर्ने ।
४. लेखापरीक्षण समितिको सिफारिस बमोजिम आ.व.२०८०/०८१ को लागि बाह्य लेखापरीक्षक नियुक्त गर्ने तथा निजको पारिश्रमिक निर्धारण गर्ने । (कम्पनी ऐन, २०६३ को दफा १११(३) बमोजिम बहालवाला लेखापरीक्षक पि.के.एफ.टि.आर.उपाध्या एण्ड कं.चार्टर्ड एकाउन्टेन्ट्स पुनःनियुक्त हुन योग्य रहेको)
५. संचालक समितिले प्रस्ताव गरे बमोजिम २०८० साल आषाढ मसान्तमा कायम रहेको सञ्चित मुनाफाबाट चुक्ता पूँजीको ५.७०% नगद लाभांस (कर प्रयोजनको लागि समेत) वितरण गर्न स्वीकृत गर्ने ।



सानिमा बैंक लिमिटेड
अलकापुरी, नक्साल, काठमाडौं

**ख. विशेष प्रस्ताव :**

१. संचालक समितिले प्रस्ताव गरे बमोजिम २०८० साल आषाढ मसान्तमा कायम रहेको सञ्चित मुनाफाबाट चुक्ता पूँजीको ९% बोनस शेयर वितरण गर्न स्वीकृत गर्ने र सोही हदसम्म जारी तथा चुक्ता पुजीँ वृद्धि गरि प्रवन्धपत्र/नियमावलीमा संशोधन गर्ने ।

२. बैंकको प्रबन्धपत्र/नियमावलीको प्रस्तावित संशोधनमा नियमनकारी निकायबाट कुनै फेरबदल सुझाव भएमा सो अनुसार आवश्यक फेरबदल गर्न संचालक समितिलाई अख्तियारी दिन स्वीकृत गर्ने ।

**ग. विविध :**

४. **सूचना प्रकाशन :**

यस बैंकको संचालक समितिको मिति:२०८० साल आश्विन ७ गते बसेको ५६३ औं बैठकको निर्णयानुसार बैंकको १९औं वार्षिक साधारणसभाको सूचना मिति: २०८० आश्विन ८ गते "आर्थिक अभियान" राष्ट्रिय दैनिक र आश्विन २३ गते "नेपाल समाचार पत्र" राष्ट्रिय दैनिकमा प्रकाशित गरी शेयरधनीहरूलाई सभावारे जानकारी गराइएको थियो ।

५. **गणपूरक संख्या (शेयरधनीको उपस्थिति तथा प्रतिनिधित्व प्रतिशत):**

| विवरण | कुल शेयरधनी संख्या | शेयरधनीले ग्रहण गरेको शेयर कित्ता | उपस्थित | | जम्मा उपस्थित | उपस्थित शेयरधनीले धारण गरेको शेयर संख्या | कुल शेयरको प्रतिनिधित्व प्रतिशत |
|---|---|---|---|---|---|---|---|
| | | | भौतिक | प्रोक्सी मार्फत | | | |
| संस्थापक शेयरधनी | ८७ | ६,३५,६१,७३१ | २५ | १२ | ३७ | ६,०७,११,५३५ | ५७.९४ |
| सर्वसाधारण शेयरधनी | ७१,६२७ | ६१,०३९,४१९ | ४९४ | १४ | ५०८ | १,१४,८६,१७५ | |
| जम्मा | ७१,७१५ | १२,४६,०१,१५१ | ५१९ | २६ | ५४५ | ७,२१,९७,७१० | |

(संस्थापक समूहतर्फ भौतिक रुपमा उपस्थित २५ जनाको ५,४७,०४,२५३ कित्ता, प्रोक्सी मार्फत १२ जनाको ६०,०७,२८२ कित्ता, तथा सर्वसाधारण समूह तर्फ भौतिक रुपमा उपस्थित ४९४ जनाको १,०५,३७,८९० कित्ता, प्रोक्सी मार्फत १४ जनाको ९,४८,२८५.कित्ता ।

६. **सभाको बैधानिकता तथा सभापतित्व :**

कम्पनी ऐन, प्रचलित कानून तथा बैंकको नियमावलीको नियम ११ बमोजिम सभा संचालनको लागि गणपूरक संख्या कूल शेयर संख्याको ५० प्रतिशत भन्दा माथि हुनु पर्ने व्यवस्था रहेको छ । सो अनुरुप कूल शेयर संख्याको स्वयं तथा प्रोक्सी मार्फत ५७.९४% शेयरको प्रतिनिधित्व भएकोले सभा सञ्चालनको लागि गणपूरक संख्या पुगेको र कम्पनी ऐन, २०६३ तथा बैंकको नियमावली अनुसार साधारण सभा बैधानिक भएको व्यहोरा कम्पनी सचिवबाट सभालाई जानकारी गराइयो ।



सानिमा बैंक लिमिटेड
अलकापुरी, नक्साल, काठमाडौं

७. **सभा संचालन तथा प्रतिवेदन प्रस्तुती :**

मिति: २०८०।०६।०७ गते बसेको संचालक समितिको ५६३ औं बैठकको निर्णयबाट प्रस्ताव गरिए बमोजिम १९औं वार्षिक साधारणसभामा छलफलको लागि उल्लेखित प्रस्तावहरु निर्णयार्थ पेश गरिएको व्यहोरा सभालाई कम्पनी सचिव श्री रूद्र प्रसाद बन्जराले जानकारी गराउनु भयो ।

सभामा निर्णयार्थ प्रस्तुत गरिएका उपरोक्त विषयहरुको सन्दर्भमा सभाका अध्यक्ष श्री तुकप्रसाद पौडेलले सभामा उपस्थित शेयरधनी एवं आमन्त्रित महानुभावहरुलाई स्वागत अभिवादन गर्दै सर्वप्रथम आफ्नो मन्तव्यका साथै सञ्चालक समितिको तर्फबाट वार्षिक प्रतिवेदन, आ.व.२०७९/०८० को लेखापरीक्षकको प्रतिवेदन, वित्तिय अवस्थाको विवरण, नाफा-नोक्सान विवरण, नगद प्रवाह विवरण लगायतका वार्षिक वित्तीय विवरण तथा सहायक कम्पनीहरुको एकीकृत वित्तीय विवरण सभा समक्ष प्रस्तुत गर्नु भयो ।

८. **सभामा सहभागी हुने महानुभावहरु :**

प्रस्तुत प्रतिवेदन उपर सभामा उपस्थित शेयरधनीहरु मध्ये श्री कृष्णप्रसाद अधिकारी, श्री ब्रम्हदेव शाक्य, श्री लवराज जोशी, श्री गुणराज भट्ट, श्री दामोदरप्रसाद रेग्मी, श्री उद्धवप्रसाद घिमिरे, श्री शत्रुधन श्रेष्ठ, श्री लेखनाथ काफ्ले, श्री व्यास कुमार शर्मा, श्री भक्ति प्रसाद उप्रेती, श्री निरुपमा गुप्ता, श्री अंगराज भारती, श्री चन्द्रनारायण श्रेष्ठ, श्री डमरुबल्लभ घिमिरे, श्री उत्तम पाठक, श्री सुदिप श्रेष्ठ र श्री उत्सव श्रेष्ठले बैंकको विविध पक्षमा आ-आफ्नो राय, सुझाव, मन्तव्य एवं जिज्ञासा राख्नु भयो ।

९. **शेयरधनीहरुको जिज्ञासा, प्रश्न, समालोचना, मन्तव्य तथा सुझावहरु र अध्यक्ष तथा प्रमुख कार्यकारी अधिकृतले दिनु भएको प्रत्युत्तरको मुख्य-मुख्य अंशहरु :**

शेयरधनीहरुबाट उठाइएका जिज्ञाशाहरुको सम्वन्धमा सभाका अध्यक्ष श्री तुकप्रसाद पौडेल तथा बैंकका प्रमुख कार्यकारी अधिकृत श्री निश्चल राज पाण्डेले प्रष्ट पार्नु भयो । साथै, शेयरधनीहरुले सभा समक्ष राख्नु भएका राय, सुझावको लागि धन्यवाद व्यक्त गर्दै प्राप्त उपयोगी राय, सुझावहरुलाई आगामी दिनमा सुधार तथा कार्यान्वयन गर्दै लगिने व्यहोरा सभा समक्ष राख्नु भयो ।

१०. **सभाबाट भएका छलफल तथा निर्णयहरु:**

क. **सामान्य प्रस्ताव**

१. **आर्थिक वर्ष २०७९/०८० को संचालक समितिको १९ औं वार्षिक प्रतिवेदन छलफल गरी पारित गर्ने ।**

सभामा छलफल भई सर्वसम्मतिबाट पारीत गरियो ।

२. **लेखापरीक्षकको प्रतिवेदन सहितको २०८० साल आषाढ मसान्तको वित्तीय अवस्थाको विवरण तथा आ.व.२०७९/०८० को नाफा-नोक्सान विवरण तथा नगद प्रवाह विवरण लगायतका वार्षिक वित्तीय विवरण छलफल गरी पारित गर्ने ।**

सानिमा बैंक लिमिटेड
अलकापुरी, नक्साल, काठमाडौं

वाह्य लेखापरीक्षकको प्रतिवेदन सहितको २०८० साल आषाढ मसान्तको वित्तीय अवस्थाको विवरण तथा आ.व.२०७९/०८० को नाफा-नोक्सान विवरण तथा नगद प्रवाह विवरण लगायतका वार्षिक वित्तीय विवरण सभामा छलफल भई सर्वसम्मतिबाट पारीत गरीयो ।

३. **यस बैंकको सहायक कम्पनीहरु श्री सानिमा क्यापिटल लिमिटेड र श्री सानिमा सेक्युरीटीज लिमिटेडको आ.व.२०७९/०८० को वित्तीय विवरण सहितको एकीकृत (Consolidated) वित्तीय विवरण छलफल गरी पारित गर्ने ।**

यस बैंकको सहायक कम्पनीहरु श्री सानिमा क्यापिटल लिमिटेड र श्री सानिमा सेक्युरीटीज लिमिटेडको आ.व.२०७९/०८० को वित्तीय विवरण सहितको एकीकृत (Consolidated) वित्तीय विवरण छलफल गरी सर्वसम्मतिबाट पारीत गरियो ।

४. **लेखापरीक्षण समितिको सिफारिस बमोजिम आ.व.२०८०/०८१ को लागि बाह्य लेखापरीक्षक नियुक्त गर्ने तथा निजको पारिश्रमिक निर्धारण गर्ने ।**

यस बैंकको आ.व.२०८०/०८१ को प्रचलित कानूनी व्यवस्था बमोजिम लेखापरीक्षण गर्नका लागि वाह्य लेखापरीक्षक नियुक्ति र निजको पारिश्रमिक निर्धारण गर्ने सम्बन्धमा छलफल हुदा लेखापरीक्षकहरु: PKF T.R. Upadhya & Co., Chartered Accountants, Dev Associates, Chartered Accountants र P.&B. Associates, Chartered Accountants ले लेखापरीक्षण गर्न प्रस्ताव पेश गर्नु भएकोमा बैंकको लेखापरीक्षण समितिले प्राप्त प्रस्तावहरु मध्ये वहालवाला लेखापरीक्षकले पेश गरेको रकम सवैभन्दा कम भएको व्यहोरा सहित लेखापरीक्षक नियुक्तिको लागि सिफारिस गरे बमोजिम PKF T.R.Upadhya & Co.Chartered Accountants काठमाण्डौंलाई चालू आ.व.२०८०/०८१ को लेखापरीक्षण कार्य गर्न लेखापरीक्षकमा नियुक्ति गरि निम्न बमोजिम पारीश्रमिक प्रदान गर्ने निर्णय सर्वसम्मतिबाट पारीत गरियो ।

पारिश्रमिक :

लेखापरीक्षण (Statutory Audit, Tax Audit, LFAR लगायत Statutory Auditor ले गर्नु पर्ने सम्पूर्ण कार्यहरु) गरे वापत मूल्य अभिवृद्धि कर सहित एकमुष्ट रू.२५,५०,०००।-( पच्चीस लाख पचास हजार) मात्र उपलब्ध गराउने सर्वसम्मतिबाट पारीत गरियो ।

५. **संचालक समितिले प्रस्ताव गरे बमोजिम २०८० साल आषाढ मसान्तमा कायम रहेको सञ्चित मुनाफाबाट चुक्ता पूँजीको ५.७०% नगद लाभांस (कर प्रयोजनको लागि समेत) वितरण गर्न स्वीकृत गर्ने ।**

१९औं वार्षिक साधारणसभा प्रयोजनका लागि शेयरधनी दर्ता पुस्तिका बन्द हुनु अघि (बि.सं.२०८०/०६/२२) सम्म कायम रहेका शेयरधनीहरुलाई चुक्ता पूँजी रू.१२,४६,०१,१५,०५९।०२ को ५.७०% दरले हुने रू.७१,०२,२६,५५८।३६ (एकहत्तर करोड दुई लाख छब्बीस हजार पाँचसय अन्ठावन्न रुपैया छत्तीस पैसा) (सम्पूर्ण लाभांश कर प्रयोजनको लागि समेत) नगद लाभांश वितरण गर्न सर्वसम्मतिबाट पारीत गरियो ।

(ख) **विशेष प्रस्तावहरु :**

१. **संचालक समितिले प्रस्ताव गरे बमोजिम २०८० साल आषाढ मसान्तमा कायम रहेको सञ्चित मुनाफाबाट चुक्ता पूँजीको ९% वोनस शेयर वितरण गर्न स्वीकृत गर्ने र सोही हदसम्म जारी तथा चुक्ता पुजीँ वृद्धि गरि प्रबन्धपत्र/नियमावलीमा संशोधन गर्ने ।**

१९औं वार्षिक साधारणसभा प्रयोजनका लागि शेयरधनी दर्ता पुस्तिका बन्द हुनु अघिसम्म कायम रहेका शेयरधनीहरुलाई चुक्ता पूँजी रू.१२,४६,०१,१५,०५९।०२ को ९% (नौ प्रतिशत) का दरले हुने रू.१,१२,१४,१०,३५५।३१ (एक अर्ब बाह्र करोड चौध लाख दश हजार तीन सय पचपन्न रुपैंया एकतीस पैसा मात्र) बराबरको रू.१००।- अंकित दरका १,१२,१४,१०३.५५ कित्ता वोनस शेयर वितरण गर्ने र निम्नानुसार बैंकको जारी तथा चुक्ता पूजीँ वृद्धि गरी प्रवन्धपत्रमा संशोधन गर्ने निर्णय सर्वसम्मतिले पारीत गरियो ।

**दफा ५(ख):** बैंकको जारी पूँजी रू.१३,५८,१५,२५,४१४।३३ (अक्षरेपी तेह्र अर्व अन्ठावन्न करोड पन्ध्र लाख पच्चिस हजार चार सय चौध दशमलव तेत्तिस पैसा मात्र) हुनेछ । सो पूँजीलाई रू.१००।-दरका १३,५८,१५,२५४.१४(तेह्र करोड अन्ठावन्न लाख पन्ध्र हजार दुई सय चौवन्न दशमलव चौध मात्र) थान साधारण शेयरमा विभाजन गरिएको छ ।

**दफा ५(ग):** बैंकको चुक्ता पूँजी रू.१३,५८,१५,२५,४१४।३३ (अक्षरेपी तेह्र अर्व अन्ठावन्न करोड पन्ध्र लाख पच्चिस हजार चारसय चौध दशमलव तेत्तीस पैसा मात्र) हुनेछ ।

२. **बैंकको प्रबन्धपत्र/नियमावलीको प्रस्तावित संशोधनमा नियमनकारी निकायवाट कुनै फेरबदल सुझाव भएमा सो अनुसार आवश्यक फेरवदल गर्न संचालक समितिलाई अख्तियारी दिन स्वीकृत गर्ने ।**

उक्त कार्यका लागि संचालक समितिलाई सम्पूर्ण अख्तियारी दिने निर्णय सर्वसम्मतिले पारीत गरीयो ।

**ग. विविध : नभएको ।**

११. **धन्यवाद ज्ञापन तथा सभा विसर्जन :**

शेयरधनी महानुभावहरुको सकृय सहभागितामा साधारणसभा पूर्ण सफलताका साथ सम्पन्न भएकोमा सञ्चालक समिति, शेयरधनीज्यूहरु, लेखापरीक्षण समिति, सम्वन्धित निकाय, पदाधिकारी एवं व्यवस्थापन तथा कर्मचारी वर्गलाई यस सभामा आ-आफ्ना ठाउँबाट पुऱ्याएको सहयोगको लागि धन्यवाद ज्ञापन गर्दै आगामी दिनमा पनि बैंकको कारोवार, संचालन एवं प्रगतिका लागि सबैवाट निरन्तर सहयोग प्राप्त हुने अपेक्षा राखी अध्यक्षज्यूले १९ औं वार्षिक साधारणसभा औपचारिक रुपमा समापन भएको घोषणा गर्नु भयो ।

सानिमा बैंक लिमिटेड
अलकापुरी, नक्साल, काठमाडौं

**रूद्रप्रसाद बन्जरा**
**कम्पनी सचिव**

**तुकप्रसाद पौडेल**
**अध्यक्ष**

मिति : २०८०।०७।०२